# नेपाल खाद्य संस्थानको खाद्यबस्तु विक्री गर्ने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७४/०१/१४)**

यस संस्थानको निम्न कार्यालयहरुमा मौज्दात रहेको तपसिल बमोजिमको खाद्यबस्तु मानव उपभोगको लागि विक्री वितरण गर्न उपयुक्त नभएकोले जे जस्तो अवस्था र परिमाणमा रहेको छ, सोही (यथास्थिति) अवस्थामा कस्ती बोरा तथा ड्रम सहित आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमद्वारा विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समय भित्र खाद्यबस्तु मौज्दात रहेको सम्बन्धित कार्यालयहरु र विक्री वितरण विभाग प्रधान कार्यालय काठमाडौंबाट बोलपत्र खरिद गरी ३२ औं दिनका दिन १२:०० बजे भित्र गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि संस्थानको विक्री वितरण विभाग तथा खाद्यबस्तु मौज्दात रहेका सम्बन्धित कार्यालयहरुमा सम्पर्क राख्न सकिने छ ।

**तपसिल**

| क्र.सं. | खाद्यबस्तु | मौज्दात रहेको कार्यालय | ३० किलो क्षमताको कस्ती अदत (बोरा) | प्रस्तावित न्यूनतम विक्री मूल्य प्रतिबोरा/प्रतिलिटर | | बोलपत्र पेश गर्ने स्थान |
|---|---|---|---|---|---|---|
| | | | | दर | रकम | |
| १ | जापानी चामल | शाखा कार्यालय, सुर्खेत | २४३५ | ४००।- | ९,७४,०००।- | शा.का. सुर्खेत |
| २ | ,, | अंचल कार्यालय, नेपालगञ्ज | १०६६० | ४००।- | ४२,६४,०००।- | अं.का. नेपालगंज |
| ३ | ,, | शाखा कार्यालय, वीरगञ्ज | ४३४५ | ४००।- | १७,३८,०००।- | शा.का. बीरगंज |
| ४ | ,, | अंचल कार्यालय, काठमाडौं | १७८८ | ७००।- | १२,५१,६००।- | अं.का. काठमाडौं |
| | | जम्मा | १९२२८ | | ८२,२७,६००।- | |
| ५ | चाइनिज कुकिङ्ग आयल | अंचल कार्यालय, काठमाडौं | ५३ ड्रम (१०६०० लि.) | | रु.८०/- प्रतिलिटर | प्र.का. काठमाडौं |

**सूचनाका शर्तहरु**

१. खाद्यबस्तु खरीदको लागि बोलपत्र दस्तुर वापत रु. ३,०००।- (तीन हजार) फिर्ता नहुने तिरी संस्थानको प्रधान कार्यालय वा सम्बन्धित कार्यालयहरुबाट बोलपत्र खरीद गर्न सकिने छ । मिति २०७४/०२/१४ गते दिनको २:०० बजे पेश गरेको कार्यालयमा बोलपत्र खोलिनेछ ।

२. लिलाम हुने खाद्यबस्तुको नमूना हेर्न चाहेमा संस्थानको अञ्चल कार्यालय काठमाडौं र खाद्यबस्तु रहेका माथि उल्लेखित कार्यलयहरुमा सम्पर्क राखी हेर्न सकिने छ ।

३. बोलपत्रदाताले के कति दरमा खाद्यबस्तु खरींद गर्ने हो बोलपत्रमा अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा कबोल गरेको दर फरक पर्न गएमा अक्षरमा लेखिएको दर मान्य हुनेछ ।

४. बोलपत्रदाताले आफुले कबोल गरेको कुल रकममा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत संस्थानको सम्बन्धीत कार्यालयको बैंक खातामा नगद जम्मा गरेको बैंक भौचर वा संस्थानमा नगद बुझाएको रसिद वा 'क' वर्गको वाणिज्य बैंकको कम्तीमा १२० कार्य दिन म्याद रहेको सक्कलै बैंक जमानीपत्र संलग्न राखी पेश गर्नु पर्नेछ ।

५. बोलपत्रदाता फर्म वा कम्पनी भएमा बोलपत्रसाथ फर्म रजिष्ट्रर्ड प्रमाणपत्र, स्थायी लेखा नम्बर, मूल्य अभिबृद्धि कर, करचुक्ता प्रमाणपत्र आदि कागजको प्रमाणित छायाँ प्रति पेश गर्नु पर्नेछ ।

६. रीत नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

७. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थानमा सुरक्षित रहने छ ।

८. बोलपत्रदाताले मौज्दातमा रहेको खाद्यबस्तु खरीदका लागि प्रस्तावित न्युनतम रकम भन्दा बढी दर कबोल गर्नु पर्नेछ ।

९. बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले बढीमा १५ (पन्ध्र) दिनभित्र खाद्यबस्तु खरीद/विक्री सम्झौता गर्नु पर्नेछ । अन्यथा पेश गरेको धरौटी रकम जफत हुनेछ ।

१०. स्वीकृत बोलपत्रदाताले खाद्यबस्तु खरीद/विक्री सम्झौता भएको मितिले बढीमा ४५ दिन भित्र कबुल गरेको दरले हुने सम्पूर्ण रकम सम्बन्धित कार्यालयमा दाखिला गरी सम्पूर्ण परिमाण उठाई लैजानु पर्नेछ ।

११. स्वीकृत बोलपत्रदाताले जुन कार्यालयमा उक्त खाद्यबस्तु छ सोही कार्यालयको गोदामबाट जे जस्तो अवस्थामा छ सोही (यथास्थितिमै) अवस्थामै आफ्नै खर्चमा उठाई लैजानु पर्नेछ । यसरी उठाई लैजादा लाग्न जाने पल्लेदारी सम्बन्धित खर्चहरु र कर सम्बन्धी सबै दस्तुर स्वीकृत बोलपत्रदाताले व्यहोर्नु पर्नेछ ।

१२. यस सूचनामा लेखिएको कुरा यसै बमोजिम र सूचनामा नपरेका कुराहरु प्रचलित ऐन/नियम कानून अनुसार हुनेछ ।

विक्री वितरण विभाग
प्रधान कार्यालय, काठमाडौं
फोन नं. ०१४२४८८८३/०१४२४८८९१